# २ भित्र र बाहिरबाट आएको सङ्कट

*<u>यस अध्यायका मूल पदहरू:</u>* न्यायकर्ता २:१-१५, १ राजा १२:२६-३१, २ इतिहास ३३:९,१०, यर्मिया २:१-२८, ५:२,३।

*<u>स्मरण गर्नुपर्ने मूल पद:</u>* "परमेश्वरको निम्ति इस्राएल पवित्र थियो। उहाँको फसलको पहिलो अगौटे फल थियो। जसले उसलाई नाश गर्न खोज्ने छ त्यो आफै नाश हुनेछ। तिनीहरूमाथि बिपत्ती आउनेछ" परमप्रभु परमेश्वरले भन्नुहुन्छ।" (यर्मिया २:३ रूपान्तरित)।

यदि अदनको बगैंचादेखि सुरूभएको मानिसको पतनको अवस्थालाई एउटै शब्दमा वर्णन गर्नुपर्छ भने त्यसलाई "सङ्कट" भने हुन्छ। त्यस सङ्कटबाट पार गर्ने एउटै उपायलाई राम्रोसँग बुझ्न चाहे त्यस सङ्कटको व्याख्या गरिन्छः त्यो हो येशूको मृत्यु क्रुसमा। यस संसारमा आएको सङ्कट अत्यन्त भयावह हुनैपर्छ किनकि त्यसलाई समाधान गर्न परमेश्वरले अत्यन्त कठोर कदम चाल्नु परेको थियो।

एक सङ्कट् पछि अर्को सङ्कट्को पृष्ठभूमिपछि धेरै घट्नाहरू घटेको बाइबलले बताएको छ। यर्मियाको समयको परिस्थिति र उनको सेवाकार्यमा उनले सामना गर्नुपरेको बाधाहरू कुनै नौलो थिएन।

परमेश्वरका जनहरूले भित्र र बाहिरबाट धेरै चुनौतीहरूको सामना गर्नुपरेको थियो। विदेशी शक्तिबाट अनेकौं सैनिक कार्वाहीको यातना भोग्नु परेतापनि सबभन्दा ठूलो सङ्कट् इस्रायलीहरूलाई आफ्नै मानिसहरूबाट आएको थियो। भित्रबाट सङ्कट् आएको भन्दा केवल भ्रष्ट राजनेता र भ्रष्ट धार्मिक

अगुवाहरूबाट मात्र नभएर सर्वसाधारण जनताहरूलाई पनि थिए। तिनीहरूले आफ्नो हृदय यस्तो कठोर पारेका थिए कि त्यसलाई पापले ओतप्रोत बनाएको थियो र परमेश्वरको वचन नमानेर आफ्नै तालले उहाँलाई अमान्य मूर्तिपूजाहरूमा आफूहरूलाई होमेका थिए। यदि तिनीहरूमा आएका परमेश्वरको वचन र चेतावनीहरू तिनीहरूले आत्मसात् गरेको भए तिनीहरूमा आउने बिपत्तीदेखि तिनीहरू बच्ने थिए।

पाप आफै नराम्रो त छ नै, तर जानाजानी त्यसबाट फर्किन नचाहे त्यसबाट आउने सङ्कट्लाई कसले रोक्न सक्छ र?

## १ संक्षिप्त इतिहास

धेरै वर्षसम्म मरुभुमीमा भौंतारिएपछि जब इस्राएलीहरू प्रतिज्ञा गरिएको देशमा पुगे तब त्यहाँ विभिन्न खालका समस्याहरू आउन धेरै समय लागेको थिएन। परमेश्वरलाई नचिन्ने नयाँ पिँढी (न्यायकर्ता २:१०)मा आत्मिक शङ्कट देखा पर्न थालेको थियो जसले गर्दा इस्राएलको इतिहासलाई नै धेरै तरिकाहरूबाट सङ्क्रमित पारेको थियो। इस्राएलको इतिहासलाई मात्र होइन त्यही रोग इसाई चर्चमा समेत सरेको पाइन्छ।

न्यायकर्ता २:१-१५ पढ्नुहोस्। त्यहाँ के सङ्कट आएको थियो र त्यो सङ्कट कसरी देखापरेको थियो? "१ परमप्रभुका दूत गिलगालबाट बोकीममा उक्लेर गए, र भने, "मैले तिमीहरूलाई मिश्रदेशबाट लिएर आएँ, र मैले तिमीहरूका पिता-पुर्खाहरूलाई दिन्छु भनी शपथ खाएको यस देशमा ल्याइपुऱ्याएँ। मैले भने, जुन करार मैले तिमीहरूसँग गरेको थिएँ त्यो कहिल्यै भङ्ग गर्नेछैनँ। २ तिमीहरूले पनि यस देशका बासिन्दाहरूसँग करार नबाँध्नू। तिमीहरूले उनीहरूका वेदीहरू भत्काइदिनू' । तर तिमीहरूले मेरो आज्ञापालन गरेनौ। हेर, तिमीहरूले के गऱ्यौ? ३ यसैले म भन्दछु, म उनीहरूलाई तिमीहरूका सामुन्नेबाट धपाउनेछैनँ। उनीहरू तिमीहरूका लागि काँढ़ा र उनीहरूका देवताहरू तिमीहरूका निम्ति

पासो बन्नेछन्‌ ।” ४ जब परमप्रभुका दूतले यी कुरा
इस्राएलीहरूलाई भने, तब तिनीहरू सबै रोए र विलाप गरे। ५
यसैले त्यस ठाउँको नाउँ बोकीम*राखियो। त्यहाँ तिनीहरूले
परमप्रभुको निम्ति बलिदान चढ़ाए। ६ यहोशूले इस्राएलीहरूलाई
बिदा गरेपछि तिनीहरू हरेक त्यस देशमा आफ्नो-आफ्नो भागमा
परेको जग्गा ओगट्नलाई गए। ७ यहोशू जीवित रहुञ्जेल र
तिनका पछिका धर्म-गुरुहरू बाँचुञ्जेल, जसले परमप्रभुले
इस्राएलको निम्ति गर्नुभएका जम्मै ठूला-ठूला कामहरू देखेका
थिए, इस्राएली जातिले परमप्रभुको सेवा गर्दैरहे। ८ नूनका छोरा
यहोशू, परमप्रभुका दास, एक सय दश वर्षको उमेरमा मरे, ९ र
तिनीहरूले तिनलाई गाश डाँड़ाको उत्तरपट्टि एफ्राइमको पहाड़ी
देशमा भएको तिम्नथ-हेरेसमा तिनकै निज अधिकारका भागको
सिमानाभित्रै गाड़े। १० त्यस जम्मै पुस्ताका सबै जना आफ्ना
पिता-पुर्खाहरूसँग मिले। पछि एउटा अर्को पुस्ता आयो जसले
परमप्रभुलाई चिन्दैनथ्यो न त उहाँले इस्राएलको निम्ति गर्नुभएको
कामलाई पनि जान्दथ्यो। ११ जे परमप्रभुको दृष्टिमा खराब थियो,
इस्राएलीहरूले त्यही गर्न लागे, र बाल देवतालाई पूजा गर्न लागे।
१२ तिनीहरूलाई मिश्रदेशबाट निकालेर ल्याउनुहुने आफ्ना पिता-
पुर्खाहरूका परमप्रभु परमेश्वरलाई त्यागेर तिनीहरू अरू
देवताहरूका पछि लागे– अर्थात्,आफ्ना वरिपरि बस्ने जातिहरूका
देवताहरूलाई पछ्याए। तिनीहरू ती देवताहरूका सामुन्ने निहुरे, र
परमप्रभुलाई क्रोधित तुल्याए। १३ तिनीहरूले परमप्रभुलाई त्यागेर
बाल र अश्तोरेत देवताहरूलाई पुजे। १४ परमप्रभुले आफ्नो
क्रोधमा तिनीहरूलाई डाँकूहरू र लुट्नेहरूका शिकार
तुल्याउनुभयो। उहाँले तिनीहरूलाई तिनीहरूका वरिपरिका
शत्रुहरूका हातमा बेचिदिनुभयो, र तिनीहरू आफ्ना शत्रुहरूका
सामुन्ने टिक्न सकेनन्। १५ हरेक पल्ट तिनीहरू लड़ाइँ गर्न

**निस्कँदा परमप्रभुले आफ्नो गम्भीर चेताउनी दिनुभएअनुसार तिनीहरूमाथि विपत्ति ल्याउनुभयो, र तिनीहरू साह्रै सङ्कष्टमा परे।"**

"परमेश्वरको दृष्टिमा जे खराब थियो त्यही गर्न थाले" भनेर पद ११ले बताउँछ। एक पिँढी पछि अर्को पिँढी आउन थाले पछि परमेश्वरबाट यस्तरी टाढा टाढा हुँदै आएकी सार राष्ट्र नै प्रभुले जे नगर्नुभन्नुभएको थियो ठ्याक्कै त्यसको उल्टो काम गर्न थालेको थियो। तिनीहरूको पापले तिनीहरूले एक सङ्कट पछि अर्कोको सामना गर्नुपरेको थियो, यद्यपि परमेश्वरले तिनीहरूलाई छोड्नुभएको थिएन। उहाँले तिनीहरूलाई न्यायकर्ताहरू पठाउनुभयो (न्यायकर्ता २:१६) जसले तिनीहरूलाई तत्काल पिडाबाट उद्धार गरेका थिए।

न्यायकर्ताको समयपछि इस्राएल केही हदमा शान्ति र समृद्धि वा सम्पन्नताको युगमा प्रवेश गरेको थियो। राजा सावल, दाउद र सोलोमनको एकत्रित राजाको राज्यकाल करिब सय वर्षसम्म चलेको थियो। दाउद र सोलोमनको पालामा त झन क्षेत्रिय शक्तिको रूपमा उदय भएको थियो।

तर असल समय धेरै वर्ष टिकेन। ई,पू, करिब ९३१मा राजा सोलोमनको मृत्युपछि इस्राएली राष्ट्र दुई टुक्रामा बिभाजित भयोः उत्तरमा इस्राएल र दक्षिणमा यहूदा। त्यसको श्रेय राजा सोलोमनलाई नै मान्नुपर्छ किनभने उनमा जतिसुकै बुद्धिज्ञान भएतापनि उनले धेरै भुलहरू गरेका थिए। त्यहाँका "जातिहरूले विगतका शासकहरूको मिचाइले गर्दा धेरै वर्षसम्म अनेकन् पिडा भोग्नु परेको थियो। राजा सोलोमनले परमेश्वरलाई त्यागेको कालमा अत्यन्त रवाफिलो जीवन बिताएका थिए। त्यसले गर्दा जनता भारी करको मारमा परेको थियो र तिनीहरू राजाको दासभएर  कडा परिश्रम गर्नुपरेको थियो।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस्, पृ. ८८,८९बाट रूपान्तरित। परमेश्वरले रोज्नुभएको राष्ट्रको स्वरुप फेरि कहिलै पनि सकारात्मक भएन।

परमेश्वरले चेतावनी दिइ नगर्नुभनेको प्रत्येक काम तिनीहरूले गरेका थिए। त्यसले गर्दा तिनीहरूले भारी खराब परिणामको कटनी गर्नुपरेको थियो।

**अघिल्लो पुस्ताले मानेका मूल्यमान्यता र आस्था अर्को पुस्ताले नमान्दा कस्तो समस्यहरू आए सो सोच्नुहोस्। हामी चर्च भएको हैशियतले त्यस खालका समस्याको मामिलामा कसरी सामना गऱ्यौं? हामीमा भएको मूल्यमान्यताहरू आउने पुस्ताहरूमा सार्न कसरी सिक्ने?**

## २. दुई बिभाजित राज्यहरू

इस्राएल राष्ट्र दुई टुक्रा भएपछि त्यहाँका जनताहरू झन नराम्रोसँग पतित हुन थाले। उत्तरी राज्यमा राजा यरोबामले केही भयङ्कर आत्मिक निर्णयहरू गरेका थिए जसले गर्दा त्यो देशमा धेरै वर्षसम्म दुष्टताको छाप परेको थियो।

१ राजा १२:२५-३३ पढ्नुहोस्। **तत्काल परिस्थितिले हामीहरूको निर्णय गर्ने शक्तिलाई पनि कसरी जोखिममा पार्दोरहेछ भनेर ती पदहरूले हामीलाई कसरी बताउँछ?** हेर्नुहोस्ः "२५ त्यसपछि यारोबामले एफ्राइमको पहाड़ी देशमा भएको शकेमलाई किल्ला बनाएर सुरक्षित पारे, र त्यहीं नै बसोबास गरे। त्यहाँबाट गएर तिनले पनीएल सहर निर्माण गरे। २६ यारोबामले आफ्नो मनमा यस्तो विचार गरे, "यो राज्य दाऊदको घरानातिरै फर्किजान्छ होला। २७ यदि यी मानिसहरू यरूशलेममा परमप्रभुको मन्दिरमा बलिदान चढ़ाउन गए भने, तिनीहरूका मन आफ्ना प्रभु यहूदाका राजा रहबामतिर राजभक्त हुनेछन्। तिनीहरूले मलाई मारेर राजा रहबामतिर फर्किजानेछन्।" २८ तब सरसल्लाह लिएर राजाले सुनका दुई वटा बाछा बनाए। तिनले मानिसहरूलाई भने, "तिमीहरूलाई यरूशलेममा जान अति कष्ट हुन्छ। हे इस्राएल हो, तिमीहरूलाई मिश्रदेशबाट निकालेर ल्याएका तिमीहरूका देवताहरू त यहाँ पो छन्।" २९ तिनले एउटा बेथेलमा र अर्कोचाहिँ दानमा

**स्थापन गरे। ३० अनि यही कुरा इस्राएलमा पाप भयो। मानिसहरू दानसम्मै त्यहाँ भएको देवतालाई पूजा गर्न जान्थे। ३१ यारोबामले डाँड़ाका पूजा गर्ने थानहरू पनि बनाए, र ती लेवीको कुलका नभए तापनि सब थरीका मानिसहरूबाट पूजाहारीहरू नियुक्त गरे। ३२ तिनले आठौं महिनाको पन्ध्रौं दिनमा यहूदामा भएको चाड़जस्तै एउटा चाड़ ठहराए, र वेदीमा बलिदानहरू चढ़ाए। बेथेलमा आफूले बनाएका बाछ्राहरूका निम्ति तिनले बलिदान चढ़ाए। बेथेलमा आफूले बनाएका डाँड़ा-डाँड़ाका पूजा गर्ने थानहरूका पूजाहारीहरू पनि नियुक्त गरे। ३३ आठौं महिनाको पन्ध्रौं दिनमा, तिनी आफैले तोकेको महिनामा बेथेलमा आफूले निर्माण गरेको वेदीमा तिनले बलिदान चढ़ाए। यसरी इस्राएलीहरूका निम्ति तिनले चाड़ ठहराए, र बलिदान चढ़ाउनलाई आफै वेदीमा उक्लेर गए।"**

राजाले मूर्ति पूजालाई भित्राउँदा त्यस राज्य विध्वंसको बाटो अपनाउन सहयोग भएको थियो। "राजा यरोबामको शासनकालमा आत्मिक भ्रष्टलाई घुसाउँदा त्यो राज्य झन झन खस्किन थालेको थियो र अन्तमा त्यसले इस्राएली राज्यको नै सदाको निम्ति नाश भएको थियो।"- एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस्, पृ. १०७बाट रूपान्तरित। ई,पू, असेरियाका राजा शालमनसेरले त्यो देशको अस्तित्वलाई अन्त्य गराए र त्यहाँका मानिसहरूलाई आफ्नो साम्राज्यको विभिन्न भागहरूमा पलाएन गराए (२ राजा १७-१-७)। तिनीहरू अरू देशमा पलायन हुँदा आफ्नो देशमा फर्कन सकेको थिएन। केही समयसम्म त इस्राएल देश नै इतिहासबाट गायब भएको थियो।

तर दक्षिणी राज्यको परिस्थिति त्यस्तो खराब त थिएन कमसेकम केही समयसम्म। तर तिनीहरू त्यति महान् पनि थिएन। उत्तरी राज्यलाई जस्तो परमेश्वरले त्यस राज्यमा पनि पर्न आउन सक्ने आहतबाट बचाउन खोज्नुभएको थियो।

तिनीहरूले बेबिलोनी वा आधुनिक इराकको धम्कि खप्नुपरेको थियो। कुनै कुनै राजाहरू बाहेक यहूदा पनि विभिन्न राजाहरूको उदय भयो जसले त्यस देशलाई झन झन गहिरो धर्मभ्रष्टको बाटोमा लगेका थिए।

कुनै कुनै राजाहरूको शासनकालको बारेमा देहायका पदहरूले के भन्दछन्? हेर्नुहोस्: २ इतिहास ३३:९,१०, २१-२३ "९ तर परमप्रभुले इस्राएलको सामुन्ने नाश गरेका जातिहरूले भन्दा पनि धेरै खराबी गरेर मनश्शेले यहूदा र यरूशलेमका बासिन्दाहरूलाई कुपथमा चलाए। १० मनश्शे र तिनका मानिसहरूसित परमप्रभु बोल्नुभयो, तर तिनीहरूले वास्ता गरेनन्।...२१ राजगद्दी आरोहण गर्दा अमोन बाईस वर्षका थिए। तिनले यरूशलेममा दुई वर्ष राज्य गरे। २२ तिनका पिता मनश्शेले गरेझैं तिनले परमप्रभुको दृष्टिमा जे कुरो खराब थियो त्यही गरे। तिनले आफ्ना पिता मनश्शेले बनाएका सबै मूर्तिहरूलाई बलिदान चढ़ाए र तिनको पूजा गरे। २३ तर आफ्ना पिता मनश्शेले झैं तिनले परमप्रभुको सामुन्ने आफैलाई विनम्र पारेनन्। तिनको अपराध झन् बढ़ी भयो।", २ राजा २४:८,९,१८,१९ "८ जब यहोयाकीन राजा भए तब तिनी अठाह्र वर्षका थिए, र तिनले यरूशलेममा तीन महिना राज्य गरे। तिनकी आमाको नाउँ एल्नातानकी छोरी नहूश्ता थियो। तिनी यरूशलेमकी थिइन्। ९ आफ्ना पिताले गरेझैं तिनले परमप्रभुको दृष्टिमा जे कुरो खराब थियो त्यही गरे।...१८ जब सिदकियाह राजा भए तब तिनी एक्काईस वर्षका थिए, र तिनले यरूशलेममा एघार वर्ष राज्य गरे। तिनकी आमाको नाउँ यर्मियाकी छोरी हमुतल थियो। तिनी लिब्नाकी थिइन्। १९ तिनले यहोयाकीमले गरेझैं परमप्रभुको दृष्टिमा जे कुरो खराब थियो त्यही गरे।"

भ्रष्ट नेतृत्वको बावजुद पनि परमेश्वरले यर्मियासमेत बिभिन्न अगमवक्ताहरू पठाउनुभएर मानिसहरूलाई पाप र आत्मिक

भ्रष्टबाट फर्काउन सन्देशहरू दिनुभएको थियो। ती सन्देशहरू बाइबलका अगमवाणीका पुस्तकहरू हुन् जसले राज्यको मुटुलाई चिठोरिरहेको पापबाट फर्काउन खोजेका थिए। आफ्ना पाप तथा दुष्टमार्गहरूबाट फर्किन प्रसस्त समय नदिइकन परमेश्वरले आफ्ना जनहरूलाई त्याग्न चाहेका थिएनन्। पापले गर्दा तिनीहरूमा आउने बिनाशबाट बचाउन परमेश्वर अत्यन्त उत्सुक हुनहुन्थ्यो।

**हामीहरू हुर्केको वातावरण र संस्कारबाट अलगिएर बस्न धेरै गाऱ्हो हुन्छ। अझ भन्ने हो भने त्यो असंभव छ। तर हामीहरूले बाइबललाई नै किन हाम्रो जीवनको नीति बनाउन आवश्यक छ? बाइबलबाहेक अरू कुन् कुन् मापदण्डहरू छन् जसलाई हामीहरूले हेरेर चल्न सक्छौं?**

## ३. दुई खराब तत्वहरू

पापको दलदलमा फसिरहेको राष्ट्रको पृष्ठभूमिमा युवक यर्मिया आफ्नो अगमवक्ताको काम सुरू गरेका थिए। "परमेश्वरको वचन" उनमा आयो र मानिसहरूलाई आशाका वाणीहरू बोलेका थिए। यदि तिनीहरूले उनको वचनहरू सुने तिनीहरूमा आउने विध्वंसबाट तिनीहरू बचिने थियो।

**यर्मिया २:१-२८ पढेर केही महत्त्वपूर्ण कुराहरूको विवेचना गर्न सक्छौं। हेर्नुहोस्: "१ परमप्रभुको यो वचन मकहाँ आयोः २ "जाऊ, र यरूशलेमले सुन्ने गरी यसो भनेर घोषणा गरः तिम्रो युवावस्थाको भक्ति, दुलहीको जस्तो तिम्रो प्रेमलाई म सम्झन्छु, र कसरी तिमी मेरो पछिपछि मरुभूमिमा हिँड्को थियौ, त्यस बीउ नछरेको भूमिमा। ३ इस्राएल आफ्ना परमप्रभुको निम्ति पवित्र थियो, त्यो उहाँको फसलको अगौटे फल थियो। त्यसलाई निल्नेहरू सबै दोषी ठहरिए, र विपत्ति उनीहरूमाथि आइलागे, परमप्रभु भन्नुहुन्छ। ४ हे याकूबका घराना र इस्राएलका घरानाका सबै वंश हो, परमप्रभुको वचन सुन। ५ परमप्रभु यसो भन्नुहुन्छः "तिमीहरूका पिता-पुर्खाहरूले ममा के दोष भेट्टाए र तिनीहरू मबाट**

टाढ़ा भए? तिनीहरू व्यर्थैका मूर्तिहरूका पछि लागे र आफैलाई
बेकामका तुल्याए। ६ तिनीहरूले यो सोधेनन्, परमप्रभु कहाँ
हुनुहुन्छ, जसले हामीहरूलाई मिश्रदेशदेखि निकालेर ल्याउनुभयो, र
हामीहरूलाई उजाड़-स्थानमा डोऱ्याएर ल्याउनुभयो, मरुभूमि र
खाड़लहरू भएको जग्गा, पानी नभएको र घोर अन्धकारको
ठाउँबाट जहाँ कोही पनि यात्रा गर्न सक्दैन, जहाँ कोही बस्दैन ७
मैले तिमीहरूलाई एउटा मलिलो देशमा, त्यसका फलहरू र असल-
असल कुराहरू तिमीहरूले खान भनी ल्याएँ। तर जब तिमीहरू
आयौ तब तिमीहरूले मेरो देश बिटुलो पाऱ्यौ, र मेरो
उत्तराधिकारलाई घृणित तुल्यायौ। ८ परमप्रभु कहाँ हुनुहुन्छ
पूजाहारीहरूले भनेनन्। व्यवस्था सिकाउनेहरूले मलाई चिनेनन्,
शासकहरू मेरा विरुद्धमा बागी भए। अगमवक्ताहरूले बाल
देवताको नाउँमा अगमवाणी बोले, र व्यर्थैका मूर्तिहरूका पछि
लागे। ९ "यसैकारण म फेरि तिमीहरू र तिमीहरूका
नातिनातिनाका विरुद्धमा दोष लगाउनेछु," परमप्रभु भन्नुहुन्छ। १०
कित्तीमका किनारमा गएर हेर, केदारमा दूतहरू पठाई नियालेर हेर,
के यस्तो काम त्यहाँ कहिल्यै भएको रहेछ त? ११ के कुनै
जातिले आफ्ना देवताहरू बद्लिगरेका छन् र? (यद्यपि कुनै प्रकारले
ती ईश्वर होइनन्।) तर मेरो प्रजाले त आफ्नो गौरव व्यर्थका
मूर्तिहरूसित साट्यो। १२ हे आकाशमण्डल, यस कुरामा तिमीहरू
चकित होओ, र ठूलो डरले थरथर काम," परमप्रभु भन्नुहुन्छ। १३
"मेरा प्रजाले दुई वटा पाप गरेका छन्ः मलाई, जिउँदो पानीको
मूललाई, तिनीहरूले त्यागेका छन्, र पानी नरहने फुटेका कुण्डहरू
आफ्ना निम्ति खनेका छन्। १४ "के इस्राएल एउटा नोकर,
जन्मैको एक कमारो हो र? तब किन त्यो लुटियो त? १५ सिंहहरू
गर्जेका छन्, तिनीहरू त्योतिर फर्केर गर्जंदैछन्। तिनीहरूले त्यसको
देश उजाड़ पारिदिएका छन्। त्यसका नगरहरू जलाइएका र
त्यागिएका छन्। १६ नोप र तहपनेसका मानिसहरूले तिमीहरूको

शिर नै खुइले पारिदिएका छन्। १७ जब परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई बाटोमा डोऱ्याएर ल्याउनुभयो, तब उहाँलाई त्यागेर तिमीहरूले यो आफैमाथि ल्याएका होइनौ र? १८ शिहोर नदीको पानी पिउनलाई किन मिश्रदेशमा जान्छौ। यूफ्रेटिस नदीको पानी पिउनलाई अश्शूरमा किन जान्छौ? १९ तिमीहरूको दुष्टताले तिमीहरूलाई दण्ड दिनेछ, तिमीहरूको धर्म-त्यागले तिमीहरूलाई हप्काउनेछ। यसकारण तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई त्यागेका र उहाँको भय नमानेका हुनाले तिमीहरूको कति खराबी हुनेछ, र तिमीहरूलाई कति तीतो लाग्नेछ भनी जान," परमप्रभु, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। २० "धेरै अघि नै तिमीले आफ्नो जुवा भाँचिदियौ, र बन्धनहरू फुकायौ, र भन्यौ, 'म तपाईंको सेवा गर्नेछैनँ!' साँच्चै, हरेक डाँड़ामाथि, र हरेक झ्याम्म परेको रूखमुनि तिमी वेश्याझैं ढल्क्यौ। २१ मैले त तिमीलाई भरिलो र भरपर्दोजस्तो गरी छानेको दाखको बोट पो रोपेको थिएँ। तिमी कसरी मेरो विरुद्ध उठी भ्रष्ट जङ्गली दाखको बोट भयौ? २२ तिमीले आफैलाई सोडाले र बेसरी साबून लगाएर धोए तापनि तिम्रो दोषको कलङ्क मेरो सामुन्ने नै छ," परमप्रभु परमेश्वर भन्नुहुन्छ। २३ " 'म बिटुलो भएको छैनँ, र म बाल देवताहरूको पछि लागेको छैनँ,' भनी तिमीले कसरी भन्न सक्छौ? हेर, बेंसीमा तिमीले कस्तो व्यवहार गऱ्यौ? त्यहाँ तिमीले के गऱ्यौ सो विचार गर्। वेगले यताउता कुदिहिंड्ने तिमी चञ्चली जवान ऊँट! २४ उजाड़-स्थानमा बस्ने आदत भएकी, कामातुर भएर हावा सुँघिहिंड़ने वन-गधैनी। त्यसको कामवासनालाई कसले रोक्न सक्छ र? त्यसको पछि लाग्ने कुनै पनि गधा थकित हुनुपर्दैन, किनकि मिसिने ऋतुमा तिनीहरूले त्यसलाई भेट्टाउनेछन्। २५ तिम्रो खुट्टा नाङ्गो नहोउञ्जेल र तिम्रो घाँटी तिर्खाले नसुकुञ्जेल नकुद्। तर तिमीले भन्यौ, 'बेकार छ! विदेशी देवताहरूलाई म प्रेम गर्दछु, र तिनीहरूकै पछि म लाग्नेछु' । २६ "जसरी चोर पक्राउ पर्दा लज्जित हुन्छ,

त्यसरी नै इस्राएलका घराना, तिनीहरूका राजाहरू, अधिकारीहरू, पूजाहारीहरू र अगमवक्ताहरू लज्जित छन्। २७ तिनीहरू काठलाई भन्छन्, 'तिमी मेरा पिता हौ,' र ढुङ्गालाई, 'तिमीले मलाई जन्म दिएकी हौ' । तिनीहरूले आफ्ना पीठ मतिर फर्काएका छन्, तर मुख होइन। तापनि दुःखका दिनमा तिनीहरू भन्छन्, 'आएर हामीलाई बचाउनुहोस्!' २८ तब तिमीहरूले आफ्ना निम्ति बनाएका देवताहरू कता गए? तिमीहरूले दुःख पाउँदा तिनीहरूले तिमीहरूलाई बचाउन सक्ने भए, तिनीहरू आऊन्। किनकि हे यहूदा, तिमीहरूका जति सहरहरू छन्, तिमीहरूका देवताहरू पनि त्यति नै छन्।

जब इस्राएल देश परमेश्वरप्रति बफादारी थिए तब तिनीहरूलाई कस्तो कबूल उहाँले गर्नुभएको थियो भनेर पद २,३ले बताउँछ।

पुजारी, अगुवा वा पास्टर र अगमवक्ताहरूले कस्ता पाप गरिरहेका थिए भनेर केही पापहरू पद ८मा बताउँछ।

आफ्नो आत्मिक अवस्था ठीकै छ भनेर आफूले आफैलाई श्यावास दिएर परमेश्वरका जन भनाउँदहरूले भयङ्कर भूल गरेका थिए भनेर पद २३,२४ले खुलासा गरेको छ।

राजा हिजकिया र योशियाको नेतृत्वमा मानिसहरूले केही आत्मिक सुधार गरेका भएतापनि पछि गएर तिनीहरू धर्मत्याग गरेर महापापमा फसेका थिए। यर्मिया स्पष्ट वक्ता भएर आफ्नो सम्पूर्ण कार्यकालमा परमेश्वरका वचनहरू स्पष्ट रूपमा प्रस्तुत गरेका थिए। माथिका पदहरूमा यर्मियाले अलिकति पनि नहिच्किचाई इस्राएलीहरूको जनजिवन र आत्मिक अवस्थाको भन्दाफोर यर्मिया २मा प्रस्तुत गरिएको छ।

यर्मिया २:१३मा यर्मियाको वचनलाई हेर्दा घटलाग्दो छ। मानिसहरूले दुई नराम्रो पाप गरेका छन् रे: तिनीहरूले परमेश्वरलाई त्यागे जो जीवित पानीको मुहान हुनुहुन्छ र त्यसको

परिणाम तिनीहरूले आफ्नो निम्ति पानी नहुने फुटेका कुवाहरू बनाएका छन्। अर्थात् त्यसले व्यक्त गरेको भावनाले भन्दछ कि परमेश्वरलाई त्याग्दा तिनीहरूले सबै थोक गुमाए। त्यहाँ व्यक्त गरेका शब्दहरू अझ अर्थपूर्ण हुन जान्छ जब यूहन्ना ४:१०मा येशूले भन्नुभएको वचन याद आउँछः "१० येशूले त्यसलाई भन्नुभयो, “तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेकी भए तिमीले उसलाई माग्नेथियौ, र उसले तिमीलाई जिउँदो पानी दिनेथियो।”

**"बेकारका वस्तुहरूतिर मानिसहरू लागे" भनेर परमेश्वरले ब्यक्त गर्नुभएको शोक यर्मिया २:५मा प्रस्तुत गरेको छ। त्यसले गर्दा तिनीहरू आफै पनि बेकारका हुन पुगे। हिब्रू भाषामा प्रयोग गरिएको त्यो शब्दको अर्थ "व्यर्थ" हो र त्यसको अर्थ "बाफ" वा "सास" पनि हो। बेकारको पछि लाग्दा हामी पनि किन बेकारको हुन्छौं? कतिपय मानिसहरूले आफ्नो जीवन अर्थहिन भएको अनुभव गर्दछन्। त्यो किनभयो भनेर यर्मियाले खुलासा गरेकोलाई तपाईंले के भन्ने? अर्थहीन जीवन बिताएको भनेर ठान्नेहरूलाई तपाईंले कसरी बुझाउने?**

## ४. बेबिलोनबाट (आधुनिक इराक) आएको धम्की

यर्मियाको सेवाकालमा भएको कतिपय राजनैतिक पृष्ठभूमि केही हदसम्म इतिहासको पानाहरूबाट हराएको छ। त्यसको अर्थ यर्मियाको पुस्तकमा कतिपय राजनैतिक विवरणहरू वर्णन गरिएका छैनन्। तर हामीसँग बाइबलमा (पुरातात्वतिकबिदहूरूले भेट्टाएका प्रमाणहरूसमेतले) आवश्यकभन्दा बेशी जानकारीहरू छन् जसले त्यसबेलाको राजनैतिक, सामाजिक र आत्मिक चित्रणहरू साधारणरूपमा वर्णन गर्दछ। त्यसबेलाका राष्ट्रहरूले सहनुपरेका राजनैतिक साम्राज्यवाद, युद्ध र शक्तिसंघर्षलाई मानिसहरूको दृष्टिकोणमा हेर्दा यस संसार कसैको काबुमा नरहेको देखिएतापनि बाइबलले त्यो भन्दा फरक जानकारी प्रस्तुत गरेको छ।

यर्मिया २७:६,७लाई हामीले कसरी लिने? "६ अब तिमीहरूका सारा देशहरू मेरो दास, बेबिलोनको राजा नबूकदनेसरको हातमा दिनेछु। वनका जन्तुहरूलाई पनि त्यसको अधीनमा बस्ने म तुल्याउनेछु। ७ त्यसको आफ्नै देशको समय नआउञ्जेल सबै जातिहरूले त्यसको, त्यसका छोराको र त्यसका नातिको सेवा गर्नेछन्। त्यसपछि धेरै जातिहरू र ठूला-ठूला राजाहरूले त्यसलाई आफ्नो वशमा पार्नेछन्।"

यर्मियाको सेवाकार्यको सुरुको कार्यकालमा मध्यपूर्व एशियाको यहूदा राष्ट्र सानो थियो, तापनि त्यो देश बेबिलोन, इजिप्ट र शक्तिसंघर्षमा परिरहेको असेरियाको निम्ति युद्ध मैदान बनेको थियो। ई.पू.को सातौं शताब्दीको अन्तमा असेरिया साम्राज्यको पतन हुँदै थियो भने इजिप्टले त्यो क्षेत्रलाई आफ्नो कब्जामा लिन खोजेको थियो। तर ई.पू. ६०५मा भएको कार्मिशको युद्धमा इजिप्ट पराजित भएको थियो र बेबिलोन त्यसबेलाको संसारमा नयाँ विश्वशक्ति राष्ट्रको रूपमा उदय भयो।

नयाँ शक्तिशाली राष्ट्र बेबिलोनले यहूदालाई आफ्नो कठपुतली राज्य बनायो। राजा यहोआकिमले बेबिलोनको राजाको सामु सपथ खाएरमात्र आफ्नो देशलाई स्थायित्त्व दिन सकेका थिए। त्यस देशका कतिपय जनताहरू त्यो भएको हेर्न चाहँदैनथे। तिनीहरू बेबिलोनसँग युद्ध गर्न चाहेका थिए र त्यस देशको काबुबाट आफ्नो देशलाई स्वतन्त्र बनाउन चाहेका थिए तर त्यो परमेश्वरको इच्छा थिएन। बरू त्यसको बिपरित परमेश्वरले नै बिशेष गरेर बेबिलोन देशलाई प्रयोग गरेर धर्मभ्रष्ट र पतित देश यहूदालाई दण्ड दिन परिचालन गर्नुभएको थियो।

यहूदाका जनताहरूलाई यर्मियाको सन्देश के थियो? हेर्नुहोस् यर्मिया २५:८-१२ "८ यसकारण सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः "तिमीहरूले मेरा वचन ध्यानसित नसुनेका हुनाले, ९ म उत्तरका सबै मानिसहरूलाई र मेरो दास, बेबिलोनको राजा

**नबूकदनेसरलाई बोलाएर ल्याउनेछु," परमप्रभु भन्नुहुन्छ, "र म उनीहरूलाई यो देश र यसका बासिन्दाहरू र चारैतिरका सबै जातिहरूका विरुद्धमा ल्याउनेछु। म तिनीहरूलाई पूर्ण रूपले नाश गर्नेछु, र म तिनीहरूलाई भय र घृणा र अनन्तको विनाशको पात्र बनाउनेछु। १० तिनीहरूबाट आनन्द र हर्षको आवाज, दुलहाको सोर र दुलहीको सोर, जाँतोको पिँधाइ र बत्तीको उज्यालो म उठाइलानेछु। ११ यो सारा देश निर्जन र उजाड़ हुनेछ, र यी जातिहरूले सत्तरी वर्षसम्म बेबिलोनका राजाको सेवा गर्नेछन्। १२ "तर सत्तरी वर्ष पूरा भएपछि म बेबिलोनको राजा र त्यसका जाति, अर्थात् बेबिलोनीहरूको देशलाई उनीहरूका दोषको कारण सदाको निम्ति उजाड़ पार्ने गरी दण्ड दिनेछु," परमप्रभु भन्नुहुन्छ।"**

मानिसहरूको पापले तिनीहरूको गति के हुनेछ भनेर बारम्बार यर्मियाले चेतावनी दिइरहेका थिए। तर राजनैतिक र धार्मिक नेताहरूले उनको चेतावनीलाई निरन्तररूपमा वेवास्ता गरिनै रहे। परमेश्वरले तिनीहरूलाई सुरक्षा गर्नुहुनेछ भनेर तिनीहरू ढुक्क भएका थिए। आफूहरू परमेश्वरको विशेष जाति भएकोले उहाँले कुनै बिपत्ति ल्याउन दिनेछैन भनेर आत्मविश्वास गरेका थिए। तिनीहरूले जे चाहेका थिए त्यहीमा मात्र विश्वास गरिरहेका थिए।

**कतिपय समयमा हामी पनि गलतै भएपनि हामीले चाहेको विश्वासलाई पकडिरहेका हुन्छौं। त्यो विश्वास गलतै सावित भएपनि त्यसप्रति हामी आँखा चिम्लेर बस्छौं। यस्तो प्रवृत्तिहरूबाट हामी कसरी जोगेर बस्ने?**

## ५. झुठा शपथ खानु

यर्मियाद्वारा परमेश्वरले मानिसहरूलाई दिनुभएको विशेष सन्देश यर्मिया ५:१मा पाइन्छ। मानिसहरू सडकमा डगुरी डगुरी त्यस्तो मानिसलाई खोज "जसले न्याय गर्छ र सत्यलाई खोज्छ। यदि तिमीहरूले त्यस्तो मानिस भेट्टायौ भने म उनलाई (यरुशलेम)

क्षमा दिन सक्नेछु" भनेर परमेश्वरले भन्नुभएको थियो। त्यसले हामीहरूको दिमागमा दुई कथाहरूको याद दिलाउँछ। ती कथाहरू ई.पू. चौथौं शताब्धीका युनानी अर्थात् ग्रीक दार्शनिकहरूका बारेमा हुन्। पौराणिक युनानमा डायजिन नाम गरेका एक दार्शनिक थिए रे! एक इमान्दारी मानिसको खोजमा आफू रहेको भनेर उनी दिनभरी शहर बजारभरी दुल्थे रे! दोस्रो कथा हामी सबैलाई थाहा छ। परमेश्वरले अब्राहमलाई चुनौति दिनुभएको थियो कि यदि उनले ५० जना धर्मात्मा भेट्टाए भने सोडम शहरलाई नाश नगर्ने बाचा गर्नुभएको थियो। पचास जना त के दश जना पनि हुन नसक्ने कुरा अब्राहमले स्वीकार गरेका थिए।

पाप, भ्रस्टाचार, अधर्म र परम पिता सनातनको परमेश्वरको उपासना नगरी आफू आफूहरूले नै बनाएका धर्महरूको पछि व्यापक रूपमा यरुशलेमका मानिसहरू लागेका थिए भनेर परमेश्वरले यर्मियाद्वारा औंल्याउन खोज्नुभएको पाइन्छ।

**परमेश्वरका जनहरू भनेर कहलाइएका मानिसहरूको परिस्थिति कस्तो खराब हुँदै गएका थिए भनेर यर्मिया ५:२-४ले यसरी बताउँछ " 'जीवित परमप्रभुको नाउँमा' भनी तिनीहरू भन्छन्, तापनि तिनीहरू झूटा शपथ खान्छन्।" ३ हे परमप्रभु, के तपाईंको दृष्टिले सत्यलाई खोज्दैन र? तपाईंले तिनीहरूलाई हिर्काउनुभयो, तर तिनीहरूलाई दुखेन। तपाईंले तिनीहरूलाई थिचोमिचो गर्नुभयो, तर आफ्नो व्यवहार ठीक गर्न तिनीहरूले इन्कार गरे। तिनीहरूले आफ्ना अनुहार ढुङ्गाभन्दा पनि कड़ा बनाए, र पश्चात्ताप गर्न इन्कार गरे। ४ मैले विचार गरें, "यिनीहरू त गरीब रहेछन्, यिनीहरू मूर्ख रहेछन्, किनकि यिनीहरूले परमप्रभुको मार्ग, आफ्ना परमेश्वरका मार्गहरूलाई जान्दैनन्।" (लेबी १९:१२मा स्पष्ट लेखिएको छ " १२ " 'तिमीहरूले मेरो**

**नाउँमा झूटा शपथ नखानू। त्यसो गर्नाले तिमीहरूले आफ्ना परमेश्वरको नाउँ अपवित्र पार्नेछौ। म परमप्रभु हुँ।"**

यर्मियाको पुस्तकमा देखा परेका मर्महरू ती पदहरूले औंल्याएका छन्। सारा राष्ट्र जतिसुकै तल खस्किएतापनि त्यहाँका जनताहरू धर्मी भएको र परमेश्वरप्रति अझै बफादार भएका छौं भनेर दावी गर्दै थिए! तिनीहरूले परमेश्वरको नाम लिन्थे, परमेश्वरको उपासना गर्थे, तर तिनीहरूको त्यो चर्तिकला केवल ढोंगीमात्र थियो। तिनीहरूले परमेश्वरले निर्देशन अनुसार जे न्यायोचित वा जायज थियो, जे सत्य थियो र जे असल वा धर्मपरायण थियो ती पन्छाइरहेका थिए (यर्मिया ४:२)। परमेश्वरबाट आएका चेतावनीलाई तिनीहरूले वास्ता गरेका थिएनन्। तिनीहरूले आफ्नो धार्मिक परम्परा र रहनसहनलाई विधिपूर्वक पालन गर्दै थिए मानौं परमेश्वर र तिनीहरूको बीचमा सबै थोक ठिकै थिए, तर यथार्थमा परमेश्वरको सामु तिनीहरूले गल्ती गरिरहेका थिए।

कसरी मानिसहरूले आफूहरूलाई नै सापति वा झुठो सान्त्वना दिएर धोका दिइरहेका थिए भनेर यर्मिया ७:४मा यसरी खुलासा गरिएको छ " हेखल याह्वे, हेखल याह्वे, याह्वे हेमा (hekhal yhwh, hekhal yhwh hekhal yhwh hemma!)!, अर्थात् यो परमेश्वरको मन्दिर हो, परमेश्वरको मन्दिर हो, परमेश्वरको मन्दिर हो। तिनीहरूको बीचमा परमेश्वरको मन्दिरमात्र भए पुग्छ, तिनीहरूलाई कुनै हानी हुनेछैन भनेर तिनीहरू ढुक्क भएका थिए। हामी सङ्कटमा छौं भनेर थाहा पाउनु एक पक्ष हो तर सङ्कटमा परेर पनि केही भएको छैन भनेर चुप लागेर बस्नु अझ झन नराम्रो परिस्थितिमा फस्नु हो।

**सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई परमेश्वरले धेरै महत्त्वपूर्ण सत्यहरू दिनुभएको छ। ती सत्यहरू जान्दा हामीहरू सुरक्षित छौं वा अनन्त जीवनमा प्रवेश गर्न सक्छौं भनेर ढुक्क हुने प्रवृतिबाट**

हामीहरू कसरी सरक्षित हुने किनकि सत्यलाई थाहा पाइयो भने सबै ठिक हुन्छ भन्ने कतिपयको मनस्थिति हुनसक्छ।

## उपसंहारः

**थप जानकारीः** “८ आज हामी प्रत्येकले आफ्नो दृष्टिमा ठीक ठहरेको कुरा गरेझैं तिमीहरूले नगर्नू।" ( व्यवस्था१२:८)। “१८ किनभने परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाकारी भएर आज दिएको मेरो आदेशअनुसार तिमीहरू उहाँका सबै आज्ञाहरू पालन गर्छौ र उहाँको दृष्टिमा उचित काम गर्छौ।"( व्यवस्था १३:१८)। "६ त्यस बेला इस्राएलमा कुनै राजा थिएनन्, र हरेक मानिसले आफ्नो दृष्टिमा जे ठीक लाग्थ्यो त्यही गर्थ्यो।" (न्यायकर्ताहरू १७:६, २१:२५)।

तीी पदहरूमा एक महत्त्वपूर्ण तर निर्णायक बिपरित धारणा प्रस्तुत गरेको पाइन्छ। त्यो धारणा बर्तमान परिप्रेक्ष्यमा पनि अत्यन्त समसामयीक भएका पाइन्छ। आफू भन्दा माथिका जान्ने मानिसको आवाज सुन्न नचाहने र उसले दिएको निर्देशन पालन नगर्न उसको बिद्रोह गर्ने प्रवृत्ति सबैलाई थाहा नै छ। मेरो ब्रम्हले जे भन्छ त्यही गर्छु अरूले भनेको ठीक वा बेठीकलाई मैले मान्नुपर्छ भन्ने जरुरी छैन भन्ने लोकप्रिय बिचार बर्तमान मानिसहरूको मनमस्तिस्कमा घुसिरहेको पाइन्छ। माथिका पदहरूले संसारका मानिसहरूको दुई दृष्टिकोणहरू स्पष्ट रूपमा हाम्रो सामु तेर्स्याइएका छन्। एक दृष्टिकोणमा भनिएको छ “मानिसहरूले आफ्नो आँखा वा विवेकले जे ठीक छ त्यही गरे" भने अर्को दृष्टिकोणमा “परमेश्वरको नजरमा जे ठीक छ त्यही मानिसहरूले गरे" भनेर उल्लेख गरिएको छ। पहिलो धारणामा समस्या के छ भन्दा प्रायजसो मानिसहरूले आफ्नै बिबेकमा जे ठीक छ त्यही गर्दा परमेश्वरको नजरमा त्यो गलत भएको इतिहासले प्रायजसो देखाइरहेको पाइन्छ। त्यसै कारण यदि हामीले पनि परमेश्वरको नजरमा जे ठीक छ त्यही गर्न चाहन्छौं

भने हामीहरूले हामीहरूको विवेक समेत सबै थोक परमेश्वरको वचनमा समर्पण गर्नुपर्छ।

**चिन्तनमनन:**

**अ.** के तपाईंलाई केही त्यस्ता व्यक्तिहरूको बारेमा थाहा छ जुन् असलै भएतापनि धेरै खराब काम गरेका थिए त्यसबेला तिनीहरूले ठीकै गरेका थिए भनेर सोचेका थिए? त्यसबेला लोकसम्मत भएका संस्कारहरू बर्तमान मानिसहरूले निष्ठुर ठानेर र वाक्क मानेर हेर्दछन् होला। बाइबलले जे सिकाउँछ त्यसलाई विश्वाससाथमात्र ग्रहण गर्ने होइन त्यसको व्याख्या पनि गर्न धेरै होशियार हुनुपर्छ भन्ने पाठहरू तिनीहरूबाट हामीले कसरी सिक्नुपर्छ? बिशेष गरेर बर्तमान परिप्रेक्ष्यमा जे गलत देखिन्छ त्यो बाइबलको समयमा न्यायोचित थिए भनेर बाइबल नै अनुमोदन गर्दा हामी अन्यौलमा पर्न स्वाभाविकै देखिन सक्छ। हामीहरूको मौलिक विश्वासको आधार दश आज्ञाहरू नै हुनुपर्छ भनेर अडिग लिनुपर्ने परिप्रेक्ष्यमा बाइबलका अनौठो संस्कार वा बाइबलका पात्रहरूले चलनमा ल्याएतापनि हामी किन बिचल्ली हुनुहुँदैन?

**आ.** जब हामी यस अध्ययन पुस्तकमा यर्मियाको बारेमा अध्ययन गर्छौं हामीहरूले तत्कालिन मानिसहरूको एउटा प्रवृत्तिको बारेमा सोच्नु आवश्यक छ। ती मानिसहरू गलत बाटोमा अपनाउँदा बारम्बार तिनीहरूलाई चेतावनी दिँदा दिँदा पनि ती चेतावनीहरूलाई पन्छाउँदै आफूहरूले जे गरेका थिए सो परमेश्वरकै इच्छा अनुसार चलिरहेका छौं भन्ने तिनीहरू ढुक्क भएका थिए। तिनीहरूले आफ्नो असली अवस्थालाई देख्न नसकी आफूहरूले आफैलाई धोका दिने काममा  कसरी लागिरहे होलान्? त्यसबाट हामीले पनि कस्तो पाठ सिक्नुपर्छ?